International Theatre Institute
World Organization for the Performing Arts
Nepal Centre of ITI

## विश्व रङ्गमञ्च दिवस, मार्च २७, २०२६

# विश्व सन्देश

**- विलियम डाफो, अमेरिका**

म मुख्य रूपमा चलचित्र अभिनेताको रुपमा चिनिन्छु तर रङ्गमञ्चसँग पनि मेरो गहिरो सम्बन्ध छ। सन् १९७७ देखि २००३ सम्म म द वुस्टर ग्रुप नामको न्युयोर्कस्थित थिएटर समूहको सदस्य थिएँ। हामीले न्यूयोर्क सहरको द पफर्मिङ ग्यारेजमा नयाँ नयाँ नाटकहरू सिर्जना गरेर मञ्चन गर्थ्यौं र संसारका धेरै ठाउँहरूमा यात्रा गरेर प्रदर्शन पनि गर्‍यौं। मैले रिर्चड फोरम्यान, रोवर्ट विल्सन, र रोमियो क्यास्टेलुची जस्ता निर्देशकहरूसँग पनि काम गरेको छु। अहिले म द भेनिस थिएटर बिएनालेको कलात्मक निर्देशक (Artistic Director) हुँ। यो जिम्मेवारी, संसारमा भइरहेका घटनाहरू, र फेरि रंगमञ्चमा फर्कने मेरो इच्छाले गर्दा नै मलाई थिएटरको सकारात्मक शक्ति र यसको महत्वमा अझ बलियो विश्वास दिलाएको छ।

जब म सुरुमा द वुस्टर ग्रुपमा थिएँ, हाम्रो थिएटरमा कहिलेकाहीँ थोरै दर्शक हुन्थे। कहिलेकाहीँ त ऊनीहरुको संख्या कलाकारभन्दा पनि कम हुन्थ्यो! यस्तो अवस्थामा शो रद्द गर्न सकिन्थ्यो। तर हामीले कहिल्य त्यसो गरेनौं। हाम्रो समूहका धेरै सदस्यहरु औपचारिक रूपमा रङ्गमञ्चमा प्रशिक्षित थिएनन्, उनीहरू फरक-फरक विधाबाट आएका मानिसहरू थिए, जो एकै ठाउँमा भेला भएर थिएटर गर्दै थिए। त्यसैले "Show must go on" अर्थात् शो हुनैपर्छ भन्ने वाक्य हाम्रो मन्त्र थिएन। तर हामीलाई दर्शकसँगको भेटलाई निभाउनुपर्ने एउटा जिम्मेवारीको बोध थियो।

हामी दिनमा रिहर्सल गर्थ्यौं र बेलुका त्यसै कामलाई हुँदै गरेको कामको रूपमा दर्शकलाई देखाउँथ्यौं। कहिलेकाहीँ एउटा नाटक तयार गर्न वर्षौं लाग्थ्यो। बीच-बीचमा पुराना नाटकहरू लिएर यात्रा गरेर हामी आफ्नो जीविका चलाउँथ्यौं। एउटा नाटकमा धेरै वर्ष काम गर्दा कहिलेकाहीँ मलाई थकाइ लाग्थ्यो र रिहर्सल पनि कठिन लाग्थ्यो। तर दर्शक थोरै भए पनि अधुरो काम देखाउने ती प्रस्तुति सधैं रोचक हुन्थे। यसले मलाई एउटा कुरा बुझायो: दर्शक जति कम भए पनि, उनीहरूको उपस्थितिले थिएटरलाई अर्थ र जीवन दिन्छ।

जुवा खेल्ने ठाउँमा 'जित्नका लागि तिमी उपस्थित हुनैपर्छ' भन्ने वाक्यले वा संकेतले प्रेरित गरेजस्तै जित्नका लागि स्वयम् सहभागी हुनै पर्छ।

सिर्जनाको एउटा कामलाई सबैले एकै समयमा, एउटै ठाउँमा बसेर अनुभव गर्नु यो नै थिएटरको सबैभन्दा ठूलो शक्ति हो। नाटक योजना बनाएर तयार गरिन्छ, तर हरेक पटक प्रस्तुत गर्दा त्यो फरक हुन्छ। सामाजिक र राजनीतिक रूपमा पनि आज थिएटर पहिलेभन्दा धेरै महत्त्वपूर्ण छ, किनकि यसले हामीलाई आफूलाई र संसारलाई बुझ्न मद्दत गर्छ र गरिरहेको छ।

International Theatre Institute
World Organization for the Performing Arts
Nepal Centre of ITI

आजको ठूलो विषय भनेको नयाँ प्रविधि र सामाजिक सञ्जाल हो । यसले मानिसहरूलाई जोड्ने वाचा गर्छ । तर धेरै अवस्थामा मानिसहरूलाई टुक्राएर एक्लो बनाइरहेको पनि देखिन्छ । म आफैं पनि दैनिक कम्प्युटर प्रयोग गर्छु, यद्यपि म सामाजिक सञ्जालमा छैन । मैले आफ्नो नाम गुगल गरेर खोजेको पनि छु र कहिलेकाहीँ जानकारीका लागि एआई पनि प्रयोग गरेको छु । तर हामीले नदेखेजस्तो गर्न सक्दैनौं । मानिस-मानिसबीचको सम्बन्धलाई उपकरणहरूसँगको सम्बन्धले बदल्ने खतरा बढिरहेको छ ।

केही प्रविधिले हामीलाई सहयोग गर्छन्, तर समस्या त्यतिबेला हुन्छ जब हामीलाई थाहा नै हुँदैन हामी कोसँग कुरा गरिरहेका छौं । यसले सत्य र वास्तविकताबारे ठूलो प्रश्न खडा गर्छ । इन्टरनेटले प्रश्न उठाउन सक्छ, तर थिएटरले सिर्जना गर्ने “आश्चर्यको अनुभव” भने त्यहाँ कमै पाइन्छ । थिएटरले- ध्यान, सहभागिता र एउटै ठाउँमा भेला भएका मानिसहरूको स्वस्फूर्त समुदाय सिर्जना गर्छ ।

एक अभिनेता र थिएटर निर्माताका रूपमा म अझै पनि थिएटरको शक्तिमा विश्वास गर्छु । आजको संसार झन् विभाजित, नियन्त्रणकारी र हिंसात्मक हुँदै गएको जस्तो देखिन्छ । यस्तो समयमा हाम्रो चुनौती के हो भने थिएटरलाई केवल पैसा कमाउने मनोरञ्जनको साधन नबनाउने तथा यसलाई केवल पुराना परम्पराहरू जोगाउने सुख्खा संस्थागत अभ्यास पनि नबनाउने हो । बरु, यसको असली शक्ति प्रयोग गरेर मानिसहरू, समुदायहरू र संस्कृतिहरूलाई जोड्ने काम गर्नु हो ! र सबैभन्दा महत्वपूर्ण–हामी कहाँ जाँदैछौं भन्ने प्रश्न उठाउनुमा पनि हो !

उन्नत थिएटरले हाम्रो सोचलाई चुनौती दिन्छ र हामीले कस्तो संसार चाहन्छौं भन्ने कल्पना गर्न प्रेरित पनि गर्छ ।

हामी सामाजिक प्राणी हौं । हाम्रो शरीर र इन्द्रियहरू संसारसँग जोडिनका लागि बनाइएका हुन् । प्रत्येक इन्द्रिय एउटा ढोका जस्तै हो, जसबाट हामी संसारसँग भेट गर्छौं । यही भेटघाटबाट हामी आफूलाई अझ राम्रोसँग बुझ्न थाल्छौं । कथा, सौन्दर्य, भाषा, शरीरको गति र मञ्च सजावट यी सबै मिलेर बनेको पूर्ण कला नै हो थिएटर हो । यसले हामीलाई देखाउन सक्छ- के थियो, के छ, र हाम्रो संसार कस्तो हुन सक्छ ?

*नेपाली अनुवाद: गुञ्जन दिक्षित र सिजन दाहाल*

Email: nepalcentreofiti@gmail.com | Address: Kathmandu, Nepal